ऐन संख्या- २

# फेदाप गाउँपालिकाको विनियोजन ऐन, २०७६

## गाउँसभा बाट स्वीकृत मितिः-२०७६।०३।२२

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

## फेदाप गाउँपालिकाको विनियोजन सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः फेदाप गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम फेदाप गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " फेदाप गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु ३१,२३,३४,७००।-(अक्षरेपी रु.एकतिस करोड तेइस लाख चौंतिस हजार सात सय) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबांट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७६।०७७को निमित्त फेदाप गाउँपालिकोको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम साउन सकिनेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट से शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

अनुसूची – १
( दफा २ सँग सम्बन्धित)

नेपालको सम्बिधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | - | गाउँ कार्यपालिका | ७,४८,३९,७०४ | ८,८३,९४,९९६ | वित्तीय समानिकरण र राजश्व वांडफांड, आन्तरिक श्रोत | १६,३२,३४,७०० |
| २ | - | वडा समिति | ३५,००,००० | | राजश्व वांडफांडवाट प्राप्त रकम | ३५,००,००० |
| ३ | - | विषयगत शाखा | १४,५६,००,००० | | समानिकरण + सशर्त | १४,५६,००,००० |
| ४ | - | ऋणको सावा व्याज भुक्तानी | ० | ० | - | ० |
| ५ | - | लगानी (शेयर/ऋण) | ० | ० | - | ० |
| जम्मा | | | २२,३९,३९,७०४ | ८,८३,९४,९९६ | - | ३१,२३,३४,७०० |